लोक सेवा आयोग
जलेश्वर कार्यालय
जलेश्वर, महोत्तरी, नेपाल

# नेपाली सेना, सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं.८३/०८२-८३, मिति २०८२/११/२९**

लोक सेवा आयोग, जलेश्वर कार्यालयले सञ्चालन गर्ने **नेपाली सेना**को मिति २०८२/०७/२८ मा प्रकाशित सूचना बमोजिम **विज्ञापन नं. ०८२/८३/२९** (खुला तथा समावेशी), **सैन्य पद**को लागि **श्री नं. २७ वाहिनी अड्डा, चोहर्वा, सिराहा**मा सञ्चालित बियरिङ, प्रारम्भिक स्वास्थ्य परीक्षण र शारीरिक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्वनिर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

## परीक्षा कार्यक्रम

| विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समयावधि |
|---|---|---|---|
| अंग्रेजी, नेपाली, गणित, सामान्य ज्ञान | वस्तुगत र विषयगत | २०८२ चैत्र २१ गते बिहान ११:०० बजे | २ घण्टा ३० मिनेट |

## परीक्षा केन्द्र

| क्र.सं. | उम्मेदवारको दर्ता नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | MEO १२ | MEO ४३९ | १५६ | श्री वीणा विद्या मन्दिर इ.बो. स्कुल, जलेश्वर, महोत्तरी |

**द्रष्टव्य:-**

१. लोक सेवा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
२. परीक्षामा **कालो मसी भएको डटपेन/कलम मात्र** प्रयोग गर्नुपर्नेछ।
३. परीक्षा भवनमा **झोला, स्मार्टवाच, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु** निषेध गरिएको छ।
४. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा सम्बन्धित निकायबाट जारी भएको **प्रवेश पत्र**का साथमा **नागरिकता** वा नेपाल सरकारबाट जारी भएको **फोटो समेत भएको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ।
५. सबै उम्मेदवारहरुको बायोमेट्रिक हाजिरी समेत हुने भएकाले परीक्षा शुरु हुनुभन्दा **कम्तिमा २ (दुई) घण्टा अगावै** सम्बन्धित परीक्षा भवनमा आइपुग्नु पर्नेछ।
६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।
७. परीक्षार्थीलाई तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन।

(कृष्ण राज गिरी)
**नायब सुब्बा**

(केदार नाथ शर्मा)
**शाखा अधिकृत**